

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० माघ १६ गते मंगलबार ❑ 30 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## तनहुँमा भूमिहिन सुकुम्बासीलाई लालपूर्जा वितरण

**रासस**
दमौली, १५ माघ

तनहुँको आँबुखैरेनी गाउँपालिका-२ खानीखोला निवासी सविना गुरुङलाई लालपूर्जा पाउँछु भन्ने कमै विश्वास थियो । यसअघि पनि विभिन्न सरकारको पालामा भूमि आयोग गठन भएर काम अगाडी बढेपनि त्यसले सार्थक रुप नपाउँदा उहाँलाई लालपूर्जा पाइन्छ होला र भन्ने लागेको थियो । तर आज हातमै लालपूर्जा पाएपछि उहाँमा खुसीको सीमा रहेन । "वर्षौंदेखि भूमिहिन सुकुम्बासीको रूपमा रहनुपर्दा पीडा थियो, तर आज लालपूर्जा पाउँदा खुसी लागेको छ । यो खुसीलाई शब्दमा व्यक्त गर्न सक्दिन," उहाँले भन्नुभयो ।

सोही ठाउँका पूर्णबहादुर आलेलाई पनि आफू वर्षौंदेखि बस्दै आएको जग्गाको लालपूर्जा पाउँछु भन्ने कमै विश्वास थियो । "यसअघि पनि भूमि आयोगले पटक-पटक काम गरेको थियो तर कहिल्यै लालपूर्जा पाएनौ," उहाँले खुसी हुँदै भन्नुभयो, "यसपटक भने लालपूर्जा पायौ बल्ल सरकार आएको अनुभूति भयो ।" स्थानीय डम्बरबहादुर गुरुङलाई लालपूर्जा पाउने सूचीमा नाम देख्दा सपना जस्तै लागेको थियो । उहाँले भन्नुभयो, "लालपूर्जा पाउने निर्णय गरिएको सूचीमा नाम देख्दा हो की होइन होला भन्ने लागेको थियो, तर साँच्चिकै



पाउँदा त झनै हर्षित छ ।" यसअगाडी कतिपयले पछि तिमीहरूलाई यहाँबाट उठाउँछ, किन बसेको भनेर भन्ने गरेको बताउँदै उहाँले अब त लालपूर्जा पाएपछि कसैले केही भन्न नसक्ने उल्लेख गर्नुभयो । राष्ट्रिय भूमि आयोग तनहुँले यस ठाउँका १३ जना भूमिहिन सुकुम्बासीलाई लालपूर्जा वितरण गर्ने निर्णय गरेबमोजिम आज एक कार्यक्रमको आयोजना गरी उनीहरूलाई जग्गाको पूर्जा हस्तान्तरण गरिएको छ । गण्डकी प्रदेशसभा सदस्य एवं पूर्वमन्त्री हरिबहादुर चुमानले १३ जना भूमिहिन सुकुम्बासीलाई लालपूर्जा हस्तान्तरण गर्नुभयो । सो अवसरमा चुमानले वर्तमान सरकार भूमिहिन सुकुम्बासीलाई जग्गाको मालिक बनाउने अभियानमा रहेको बताउनुभयो । गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले गत चुनावमा आफूहरूले गरेको बाचा पूरा गर्ने अभियान सुरु भएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "चुनावका बेला भूमिहिन सुकुम्बासीलाई जग्गाको मालिक बनाउँछौ भनेका थियौ, त्यो अभियान अब सुरु भएको छ ।

अन्य वडाका भूमिहिन सुकुम्बासीले पनि प्रक्रिया पूरा भएपछि जग्गा पाउँछन् ।" आयोगले स्थानीय कोपिला थापा आले मगर, आइतमाया गुरुङ, निर्मला गुरुङ, पूर्णबहादुर गुरुङ, डम्बरबहादुर गुरुङ, मसिनु गुरुङ, विष्णुमाया गुरुङ, सिरिमाया गुरुङ, बुद्धिमाया भुजेल, हरिमाया गुरुङ, भरिमाया गुरुङ, बिनु गुरुङ र सविना गुरुङलाई जग्गा वितरण गरेको छ । त्यसअघि माघ ९ गते नापी कार्यालय तनहुँमा भूमिहिन सुकुम्बासी उपस्थित भई जग्गा दर्ता गरिएको थियो । विसं २०७८ फागुन १६ गते गठन भएको आयोगले पहिलो पटक भूमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराएको आयोगका अध्यक्ष रामचन्द्र अधिकारीले जानकारी दिनुभयो । अधिकारीले भन्नुभयो, "यसअगाडी गाउँपालिकाले निस्सा वितरण गरेका उक्त वडाका व्यक्तिहरूको जग्गा नापजाँच पश्चात् दावी पुगेका १३ जनालाई लालपूर्जा दिएका हौ । अन्य पालिकामा पनि क्रमशः यो प्रक्रिया सुरु हुन्छ ।" आयोगका अध्यक्ष अधिकारीका अनुसार निकट भविष्यमै देवघाट गाउँपालिका-५ र शुक्लागण्डकी नगरपालिका-२ मा पनि भूमिहिन सुकुम्बासीलाई जग्गा वितरणको तयारी गरेको छ ।

आयोगका अनुसार हालसम्म शुक्लागण्डकी नगरपालिका, बन्दीपुर गाउँपालिका, आँबुखैरेनी गाउँपालिका, देवघाट गाउँपालिका-५, व्यास नगरपालिकाका केही वडामा भूमिहिन सुकुम्बासी, भूमिहिन दलित र अव्यवस्थित बसोबासीको निवेदनको निस्सा वितरण गरिएको छ । जिल्लाका दश पालिकामा भूमिहिन दलित एक हजार एक सय आठ, भूमिहिन सुकुम्बासी एक हजार आठ सय ७२ र अव्यवस्थित बसोबासी २३ हजार एक सय ३७ गरी २६ हजार एक सय १७ जनाको निवेदन दर्ता भएको छ । जिल्लाको आँबुखैरेनी गाउँपालिका-२, देवघाट गाउँपालिका-५ देउपुर टोल र शुक्लागण्डकी नगरपालिका-७ स्याउली बजार, बन्दीपुर गाउँपालिका-१ मा जग्गा नापजाँच भइरहेको छ ।

## यथास्थितिमा एनसेलको शेयर खरिदबिक्री सम्झौता स्वीकार गर्न सकिँदैन

**रासस**
काठमाडौं, १५ माघ

निजी क्षेत्रको दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलको शेयर खरिदबिक्री सम्बन्धमा अध्ययन गर्न गठित समितिले उक्त कम्पनीको शेयर खरिदबिक्रीसम्बन्धी सम्झौता यथास्थितिमा स्वीकार गर्न नहुने निष्कर्षसहितको प्रतिवेदन सरकारलाई बुझाएको छ ।

सोमबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई अध्ययन प्रतिवेदन बुझाउँदै समितिका संयोजक टङ्कमणि शर्मा दङ्गालले एनसेलको शेयर खरिदबिक्री प्रक्रिया अस्वाभाविक र कानुनसम्मत नदेखिएको ठहर गर्दै आवश्यक कारबाहीका लागि सरकारसमक्ष सिफारिस गरेको जानकारी दिनुभयो । छानबिन समितिले कानुनबमोजिम खरिदबिक्री कर्ता दुवै पक्षले निवेदन दिनुपर्नेमा हालसम्म पनि त्यस्तो निवेदन नदिएको, शेयर खरिदबिक्री गर्नुअघि स्वीकृति लिनुपर्नेमा नलिएको र प्राप्त शेयर खरिदबिक्री सम्झौताका सर्त समान व्यावसायिक व्यवहारको सिद्धान्तमा आधारित नरहेको, खरिदकर्ताको प्राविधिक, वित्तीय तथा व्यवस्थापकीय क्षमता पुष्टि हुने कागजात पेस नगरेको हुँदा खरिदबिक्री सम्झौता यथास्थितिमा स्वीकार गर्न उपयुक्त नहुने ठहर गरेको छ । एनसेल आजियाटाको शेयर खरिदबिक्रीमा प्रचलित कानुनबमोजिम सम्बन्धित निकायबाट पूर्वस्वीकृति नलिएको, हालसम्म शेयर खरिदबिक्रीका लागि निवेदनसमेत पेस भएको नदेखिँदा खरिदकर्ता कम्पनीको प्राविधिक क्षमता, लगानीको स्रोत, कम्पनीका सञ्चालकको व्यावसायिक पृष्ठभूमि, दूरसञ्चार सेवा प्रदायक कम्पनी र तिनका सञ्चालकबीचमा हुने सक्ने क्रसहोल्डिङको अवस्था, नेपालको दूरसञ्चार क्षेत्रमा विदेशीको लगानी, सेवा सञ्चालनका सुनिश्चिता र भावी योजना, विदेशी लगानीमा पर्न सक्ने प्रभावलगायतलाई ध्यान दिई सरकारले आवश्यक निर्णय लिनुपर्ने सुझाव दिएको छ ।

सरकारले गत मङ्सिर २१ गते एनसेलको शेयर खरिदबिक्रीको निर्णयका सम्बन्धमा प्रचलित कानुनको परिपालनाको विषय, राजस्व र नेपालमा वैदेशिक लगानीको सम्बन्धमा पर्न सक्ने असरलगायत विषयमा छानबिन गर्न पूर्वमहालेखापरीक्षक शर्माको संयोजकत्वमा समिति गठन गरेको थियो । समितिमा नेपाल सरकारका सचिव फणीन्द्र गौतम, अर्थमन्त्रालयका सहसचिव रितेशकुमार शाक्य, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव बाबुराम भण्डारी र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान) का अध्यक्ष सुजनकुमार काफ्ले सदस्य हुनुहुन्थ्यो । समितिलाई एक महिनाभित्र प्रतिवेदन पेस गर्ने समयावधि दिइएपछि छानबिन नसकिएपछि म्याद थप गरिएको थियो ।

## संघीय सरकारले तीन करोडभन्दा कमका योजनामा लगानी गर्दैन : प्रधानमन्त्री

**रासस**
काठमाडौं, १५ माघ

प्रधानमन्त्री पुष्पकमल दाहाल ' प्रचण्ड'ले अब सङ्घ सरकारले रु तीन करोडभन्दा कमका योजनामा लगानी नगर्ने घोषणा गर्नुभएको छ । उहाँले सङ्घ, प्रदेश र स्थानीय तहबीच हुने योजनाको दोहोरोपनलाई रोक्न र जनतालाई विकासको प्रत्यक्ष अनुभूति गराउनका लागि रु तीन करोडभन्दा माथिको योजनामा मात्रै सङ्घीय सरकारले लगानी गर्ने बताउनुभयो ।

वीरगञ्जको नगरसभागृहमा आज आयोजना गरिएको प्रेस सेन्टर नेपालको २०औँ स्थापना दिवस तथा राष्ट्रिय परिषद् बैठकको उद्घाटन सभामा प्रधानमन्त्री दाहालले सबैको सल्लाहमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट ल्याउने तयारी भइरहेको बताउनुभयो ।

सरकारले एकपक्षीय ढङ्गले ल्याउने नीति तथा कार्यक्रमले काम नगरेको भन्दै उहाँले अब नागरिक समाज, राजनीतिक दलका नेता तथा कार्यकर्ता र जनप्रतिनिधिबीच बृहत् छलफल र बहसबाट प्राप्त रायसुझावकै आधारमा नीति तथा कार्यक्रम र बजेट ल्याउने बताउनुभयो । सरकारले पहिले पुराना योजनालाई पूरा गर्ने अनि मात्र नयाँ योजनामा लगानी गर्ने निर्णयमा पुगेकाले आगामी आवको बजेट पुराना योजनालाई सम्पन्न गर्ने दिशातर्फ उन्मुख हुने प्रधानमन्त्रीको भनाइ थियो । उहाँले पुराना योजना सम्पन्न नहुँदै नयाँ योजना ल्याएका कारण ऋणको भार मात्र थपिएको र आम जनताले विकासको अनुभूति नगरेको बताउनुभयो ।

मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था भए पनि आम जनताले विकासको अनुभूति गर्न नसकिरहेकाले सरकार अब उत्पादन र रोजगार सृजनालाई मुख्य कार्ययोजनामा समेट्ने उहाँले बताउनुभयो ।

## 'बाह्रै महिना सडक सञ्चालनका लागि स्थानीय तह र प्रदेश सरकारबीच सहकार्य जरुरी'

**पोखरापत्र संवाददाता**
बागलुङ, १५ माघ

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेशका अधिकांश ठाउँमा मोटरेबल सडक पुगेको भन्दै ती सडकलाई बाह्रै महिना सञ्चालनका लागि स्थानीय तह र प्रदेश सरकारबीच सहकार्य हुनुपर्नेमा जोड दिनुभएको छ ।

बागलुङका ढोरपाटन नगरपालिका-६ दोगाडीमा मोटरेलपुलको उद्घाटन गर्दै मुख्यमन्त्री पाण्डेले सडकको पहुँचसँगै विकट गाउँमा पनि विकास देखिन थालेको बताउनुभयो । उहाँले अब गाउँमा उत्पादन हुने वस्तु बजारमा आपूर्तिका लागि सहज समेत भएको उल्लेख गर्नुभयो । "धेरैले सङ्घीय व्यवस्थामाथि प्रश्न उठाइ रहेका छन्, कार्यान्वयनमा केही समस्या पक्कै छन्", उहाँले भन्नुभयो, "तर सङ्घीय व्यवस्थाकै कारण दूरदराजसम्म विकास पुगेको छ ।" उहाँले अब हरेक नागरिक उद्यमशीलतासँग जोडिनुपर्नेमा जोड दिँदै गाउँमा अथाह सम्भावना भएको बताउनुभयो ।

## पिकनिक स्पटको गन्तव्य बन्दै घार्मी गाउँ

**पोखरापत्र संवाददाता**
पोखरा, १५ माघ


पर्यटकीय शहर पोखरावाट नजिकै रहेको पर्यटकीय गाउँ घार्मी पछिल्लो समय पिकनिक र घुमघामका लागी आर्कषक गन्तव्य बन्दै गएको छ ।

पोखरा महानगर पालिका वडा नं. १९मा पर्ने घार्मीको राम्चे, गिद्ध वस्ने डाँडाँ, रातामाटा, पाताल डाँडा पछिल्लो समयमा वनभोज गर्न र छोटो पदयात्राका लागी आन्तरिक पर्यटकको आर्कषक गन्तव्य बनेको हो ।केही वर्ष अगाडी नेपाल पत्रकार महासंघ कास्कीले वनभोज कार्यक्रम गरेपछि विस्तारै चर्चामा आएको घार्मी अहिले भने आन्तरिक पर्यटकको रोजाईमा पर्ने गरेको छ ।हिउँदको सिजन विशेष गरी मंसिर १५ देखि चैतको पहिलो हप्तासम्म पिकनिक गर्नको लागी दैनिक जसो विभिन्न समुह त्यहाँ पुग्ने गरेको लव वाईट रेष्ट्रोका संचालक हिमलाल पौडेलले जानकारी दिए ।विशेष पर्व र विदाको दिनमा आन्तरिक पर्यटकले भरिने उक्त स्थानवाट पोखराको रमणिय दृश्य सहित अन्नपुर्ण हिमश्रृंखला, धवलागिरी, माछापुच्छे हिमाल



नजिकैवाट देख्न सकिन्छ । महेन्द्र गुफावाट नजिकै रहेको गिद्ध बस्ने डाँडामा पछिल्लो समय पिकनिक स्पट नै निर्माण गरिएको र पोखरा सहित देशका विभिन्न ठाउँवाट दैनिक जसो टोली आउने गरेको स्थानिय लेखनाथ लामिछानेले वताए ।त्यहाँ पानी, विजुली, पिकनिकका लागी आवश्यक सामाग्री, शौचालयको राम्रो प्रवन्ध भएकाले पनि पिकनिक खानेको संख्या बढ्ने गरेको लामिछानेले वताए। महेन्द्र गुफा र चमेरे गुफा आउने पर्यटक मध्य अधिकांश त्यहाँ पुग्ने गरेका छन् । घार्मीमा रहेको घार्मी भ्यु टावरवाट पोखरा, हेम्जा, भलाम, काहुँ, सराङ्गकोट, अर्मलाकोट लगायतका डाडाँको अवलोकन गर्न सकिने भएकाले पनि उक्त क्षेत्र पर्यटकको रोजाइमा पर्ने गरेको बताईएको छ ।पोखराको लामाचौर र महेन्द्र गुफावाट करिव ३ किलोमिटरको दुरीमा रहेको घार्मी पैदल यात्रा मार्फत आधा घण्टामा पुग्न सकिन्छ भने सवारी साधन मार्फत १० मिनेटमै पुग्न सकिन्छ । आन्तरिक पर्यटकको संख्या बढ्दै गएपछि त्यहाँका स्थानिय उत्पादनले समेत बजार पाएका छन् ।स्थानियले उत्पादन गरेका तरकारी, फलफुल तथा दुधले बजार पाउदा त्यहाँका कृषक समेत लाभाम्वित भएको व्यवसायी पौडेलले वताए । घार्मीको पर्यटकीय सुन्दरता नियाल्दै कुरेचौर र हरिपाउँ समेत पुग्न सकिन्छ । त्यहाँ पुग्ने आन्तरिक तथा वाह्य पर्यटकलाई लक्षित गरी लभ वाईट रेष्ट्रो एण्ड क्याफे, ईको कटेज रेष्टुरेन्ट, दि हिमालयन रिर्सोट, ढिकीडाँडा रिर्सोट संचालनमा छन् । पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने महानगरको तयारीले त्यस क्षेत्रका व्यवसायी थप उत्साहित समेत बनेका छन् ।

राजधानी घोषणले वाह्य पर्यटकको आगमनमा वृद्धि हुने र पर्यटन केन्द्रित व्यवसाय फस्टाउने अपेक्षा उनीहरुले गरेका हुन् । पहिला सडक र खानेपानीको अभावले गाउँ छाडेकाहरु अहिले सवै सुविधा गाउँमै उपलब्ध हुन थालेपछि फर्कन थालेका छन् भने युवाहरु गाउँमै विभिन्न उत्पादनशील क्षेत्रमा तल्लिन छन् ।पछिल्लो समय वाँदर आतंकका कारण तरकारी तथा फलफुल उत्पादनमा समस्या परेको गुनासो स्थानिय कृषकले गरेका छन् ।

# मनाङ सडन डेथमा जाउलाखेलसंग पराजित, जाउलाखेल सेमिफाइनलमा

पोखरापत्र संवाददाता
पोखरा, १५ माघ



मनाङ मर्स्याङ्दी क्लबलाई सडन डेथको शिकार बनाउँदै जावलाखेल युथ क्लव २३ औं आहा रारा पोखरा गोल्ड कप फुटबल प्रतियोगिताको सेमिफाइनल प्रवेश गरेको छ।

पोखरा रंगशालामा सोमबार भएको तेस्रो क्वाटरफाइनलमा मनाङलाई सडन डेथको शिकार बनाउँदै जावलाखेलले थ्रिस्टारसँग सेमिफाइनलमा यात्रा पक्का गरेको हो। सडन डेथमा मनाङका रणदीप पौडेलको प्रहार विपक्षी जावलाखेलका गोलरक्षक युनिष महर्जनले उत्कृष्ट बचाऊ गरेपछि जित सुनिश्चित भएको हो। पेनाल्टीमा दुवै तर्फबाट ४-४ गोलले खेल बराबरी भएको थियो। त्यसपछि ७-७ पेनाल्टीमा समान ६ गोल भयो। जावलाखेलका शिशिर लेखीले ६-५ को स्थितिमा ल्याउनु भयो। लगत्तै मनाङका कीपर जियारथ शेख आफैं अघि बढ्नु भयो। उहाँले प्रहारबाट नतिजा ६-६ मा आयो। लगत्तै, जावलाखेलका प्रदीप बुढाथोकीको पेनाल्टी सुटआउटमार्फत ७-६ को स्थितिमा आउँदा मनाङका रणदीपको पेनाल्टी प्रहार कीपर युनिशले बचाउँदा उहाँ नायक बन्नु भयो। आहा राराको २३ औं संस्करणसम्म पहिलो संस्करण (क्याराभान) बाहेक अन्य संस्करणमा यसखालको नतिजा आएको थिएन। निकै प्रतिस्पर्धात्मक खेलमा निर्धारित ९० मिनेटसम्म दुवै पक्षबाट १-१ को बराबरीपछि खेल अतिरिक्त समयमा धकेलिएको थियो। अतिरिक्त समयमा दुवै पक्षबाट गोल हुन नसकेपछि निर्णयार्थ पेनाल्टी सुटआउटको सहारा लिनुपरेको थियो। निर्धारित समय सकिनै लाग्दा मनाङले गोल गर्दै बराबरी खेले पनि अन्ततः पहिलो खेलबाटै पराजित हुनुपरेको छ। जबकि मनाङ आहारारामा पुलिस समान सर्वाधिक ६ पटकको विजेता हो। जावलाखेलले ५५ औं मिनेटमा अग्रता लिएको हो। सुदीप श्रेष्ठले दिएको पासमा हिसुब थपलियाले गोल गर्दै जावलाखेललाई अग्रता दिलाएका थिए। मनाङले ८९ औं मिनेटमा राजेश परियारको मद्दतमा गोल गर्दै खेल बराबरी पुर्‍याएको थियो। यसैबिच, मंगलबार चौथो तथा अन्तिम क्वाटरफाइनलमा नेपाल पुलिस क्लब र चर्च ब्याइज युनाइटेड क्लल बीच प्रतिस्पर्धा हुने आयोजक सहारा क्लबका अध्यक्ष केशवराज बरालले बताउनु भयो।

# पोखरा म्याराथन सफल बनाउन 'मिडिया पार्टनर'हरुसंग छलफल

पोखरापत्र संवाददाता
पोखरा, १५ माघ



१८ औं सफल पोखरा अन्तर र्राष्ट्रिय म्याराथनलाई सञ्चार माध्यमबाट अझै उचाईमा पुर्‍याउन 'मिडिया पार्टनर'हरु संग छलफल सम्पन्न भएको छ।

नेपाली अग्रज खेलाडीहरुको छाता संस्था नेपाल भूतपूर्व खेलाडी मञ्चको आयोजनामा सोमबार एक छलफल कार्यक्रम सम्पन्न भएको हो। सो अबसरमा मञ्चका निवर्तमान अध्यक्ष तेज बहादुर गुरुङले पोखरा म्याराथनलाई जन-जनमा पुर्‍याउन सञ्चार क्षेत्रको भूमिका महत्वपूर्ण हुने भएकोले त्यसतर्फ सबैको सहयोगका लागि आग्रह गरे।

पोखरा म्याराथन सुरु हुनका लागि अझै १८ दिन बाँकी हुँदा १२ देशका २९ विदेशी धावकहरुले नाम दर्ता गरिसकेको जानकारी दिँदै निवर्तमान अध्यक्ष गुरुङले पोखरा म्याराथनको उचाईलाई अझै आत्मसात गर्न सञ्चारक्षेत्रको भूमिकालाई अझै प्रभावकारी बनाउनु पर्ने कुरामा जोड दिए। "पोखरा म्याराथन कुनै संस्थाको मात्रै प्रतियोगिता होइन। यो आम पोखरेलीहरुको हो", उनले भने-"पोखरा म्याराथनको जसरी आज विश्वब्यापी रुपमा चर्चित भएको छ यसको श्रेय हामी सबैलाई बाँड्न चाहन्छौं।" १८ औं सस्करणमा सबै धावक तथा खेलाडीहरुको अनलाइनमार्फत दर्ता हुने जानकारी दिँदै निवर्तमान अध्यक्ष गुरुङले त्यसका लागि माघ २८ गते सम्म अन्तिम दर्ता तोकिएको बताए। उनले भने-"पोखरा म्याराथनलाई हामीले प्रविधिमैत्री बनाएका छौं। सहज रुपले दर्ता देखि सबै आफ्नो रेसको प्रमाणपत्र समेत खेलाडीहरुले अनलाइनमार्फन नै प्राप्तगर्नेछन्।" यस पटकको पोखरा म्याराथनमा हरेक खेलाडीहरुलाई चिप्स प्रदान गरिने जानकारी दिँदै पोखरा रंगशालाबाट सुरु हुने दौड शहरका विभिन्न भाग हुँदै पोखरा हल्लनचोकस्थित क्याम्पिङ चोकमा पुगेर समापन हुने निवर्तमान अध्यक्ष गुरुङले जानकारी दिए। मञ्चका प्रथम उपाध्यक्ष एवं पोखरा म्याराथनका मुख्य संयोजक दिल बहादुर गुरुङको अध्यक्षतामा भएको छलफल कार्यक्रममा बहुआयमिक व्यक्तित्व एवं वरिष्ठ सञ्चारकर्मी प्रकाश सायमीले पोखरा म्याराथनको इतिहासले आफूलाई समेत सो दिन पोखरा आउन प्रेरित गरेको बताउँदै सफलताको शुभकामना व्यक्त गरे। सो अबसरम पोखरा म्याराथन प्रचार-प्रसार समितिका संयोजक एवं मञ्चका कार्यबहाक महासचिब केशव पाठक, नेपाल पत्रकार महासंघका निवर्तमान अध्यक्ष दिपेन्द्र श्रेष्ठ, सचिब माधब बराल, खेलकुद पत्रकार मञ्चका उपाध्यक्ष सुरज श्रेष्ठ, वरिष्ठ पत्रकार भरत कोइराला, केशव लामिछानेलगायतले पोखरा म्याराथन सफल बनाउन आ-आफ्नोतर्फबाट पूर्ण सहयोग रहने प्रतिवद्धता जनाएका थिए।

# माघ १८ देखि २७ सम्म पोखरा थिएटरमा धनिरामको गोरू मञ्चन हुने

पोखरापत्र संवाददाता
पोखरा, १५ माघ



पद्मा प्रेम थिएटरको प्रस्तुतिमा माघ १८ देखि २७ सम्म धनिरामको गोरू मंचन हुने भएको छ। पोखरा थिएटरमा १० दिनमा १२ सो मंचन हुने तयारी गरिएको पत्रकार सम्मेलन मार्फत सोमबार जानकारी गराइएको छ।

प्रत्येक दिन बेलुका ५ बजे नाटक मंचन हुने अध्यक्ष साबित्रा पाठक (सबु) ले जानकारी गराइन। उनका अनुसार शनिबार १ बजे पनि नाटक मंचन गरिनेछ। धनिरामको गोरू हाम्रै समाजकै कथा भएकाले मंचनका लागि रोजाइमा परेको सबुले बताइन। पोखरामा नाटक मंचनलाई बढ्वा दिने उद्देश्य स्वरूप आफू र आफ्नो टीम अगाडि बढेको उनले उल्लेख गरिन। नाटककार केदार नाथ पौडेलले धनिरामको गोरू विशुद्ध नेपालीपन कथा भएको उल्लेख गरे। उनले भने "धनिरामको गोरू आफ्नो पनको कथा हो। ग्रामिण समाज र त्यहाँको किशानको वास्तविक समस्या देखाउनुपर्छ भन्ने उद्देश्यले कथा लेखिएको हो।" नाटकमा किसानका पीडा र उनीहरुको दैनिकी जीवनयापन, बोलीचाली, व्यवहार र लवज मिसाइएको उनले बताए। समाजमा माया, सम्मान, शत्रु, मित्र सबै हुन्छन् भन्ने भावनालाई उठाइएको छ। पछिल्लो समय बढ्दो प्रविधि रहेको र प्रविधिलाई किसानले पनि प्रयोग गर्नुपर्ने विषयलाई नाटक मार्फत उठाउन खोजिएको छ। प्रविधिको प्रयोग राम्रो सङ्ग नगर्दा के कस्ता समस्या हुन्छन् विषय पनि नाटकमा देखाउन खोजिएको पौडेलले बताए। पौडेलले पोखरेली नाटकलाई माथी उठाउन सबै एक हुनुपर्ने आवश्यक्तालाई औंल्याएका छन्। १ घण्टा १५ मिनेटको नाटक धनिरामको गोरू हेर्नका लागि टिकट काट्नुपर्ने छ। ३ सय, ५ सय र एक हजार रुपैयाँको टिकट काटेर मात्र नाटक हेर्न पाइनेछ। विद्यार्थीलाई भने २ सय रुपैयाँ तोकिएको छ। पौडेलले लेखेको नाटकलाई कपिल शर्माले निर्देशन गरेका हुन्। नाटकमा दिल प्रसाद गुरुङ प्रमुख पात्र धनिरामको भुमिकामा छन्। नाटकमा गुरुङ सङ्गै विभु प्रसाद भुसाल, साबित्रा पाठक (सबु), ज्योति हमाल, सितला अधिकारी, सुमन कार्की, रामहरी अधिकारी, दिव्य अमृत, अर्जुन गुरुङ, पवन विक, अभिषेक भुसालको अभिनय देख्न पाइनेछ। २०८० भदौ २९ गते स्थापना भएको पद्माप्रेम थिएटरले पहिलो पटक नाटक मंचन गर्न लागेको हो। नाट्य विधा मार्फत समाजको मौलिकतालाई जोगाइराख्न पद्माप्रेम थिएटरको उदय भएको हो। एक दशक देखि मिडिया, शिक्षाक्षेत्र र रंगमंचमा चासो राखी सक्रिय रहेका महिलाहरूको संलग्नतामा पद्माप्रेम थिएटरको स्थापना गरिएको जनाइएको छ।

# अनुदानले तोरीखेतीप्रति आकर्षण

पोखरापत्र संवाददाता
पोखरा, १५ माघ

हिउँदेबाली प्रवर्द्धन कार्यक्रमअन्तर्गत पोखरा महानगरपालिकाले तोरीखेती गर्ने किसानलाई अनुदान दिएको छ। तोरीखेती विस्तारबापत प्रतिरोपनी रु चार सय र बीउमा ५० प्रतिशतका दरले अनुदान वितरण गरिएको कृषि महाशाखा प्रमुख मनोहर कँडरियाले जानकारी दिनुभयो।

महानगरपालिकाबाट अनुदान पाएपछि वडा नं ११, १३, २३, २९ र ३१ किसानले पाँच रोपनीमा तोरीखेती विस्तार गरेको उहाँले बताउनुभयो। समूहगतरुपमा आएका किसानलाई जग्गा तयार गरेबापत क्षेत्रफलअनुसार अनुदान दिइएको हो। व्यक्तिगतरुपमा आउने किसानलाई बीउमा मात्र अनुदान दिइएको महाशाखा प्रमुख कडरियाले बताउनुभयो।

महानगरपालिकाले हिउँदे बाली प्रवर्द्धन कार्यक्रमअन्तर्गत तोरी र गहुँबाली विस्तारका लागि किसानलाई अनुदान दिँदै आएको छ। हिउँदमा खाली हुने जग्गाको सदुपयोगका साथै घरायसी प्रयोजनका लागि किसानले आफैं तेल उत्पादन गर्न सकून् भन्ने उद्देश्यले तोरीमा अनुदान दिइएको महाशाखा प्रमुख कडरियाको भनाइ छ।

"तोरीखेती बढ्दा घरघरमा हुन तेल आयातलाई न्यूनीकरणमा मद्दत पुग्छ, अर्कातिर तोरीबारी मौरीका लागि पनि उत्तम चरन क्षेत्र हो, तोरीले प्रकृतिमा सुन्दरता पनि थपेको हुन्छ", उहाँले भन्नुभयो, "यस वर्ष हिउँदे वर्षा नभएकाले सुक्खा र पाखो जमिनमा लगाइएको तोरीबालीमा केही समस्या आए पनि सिँचाइको सुविधा भएको ठाउँमा तोरीखेती फस्टाएको छ।" किसानले चितवन लोकल र लुम्ले जातको तोरीखेती गरिरहेका छन्। तोरीबालीमा कुनै रोगकिराको समस्या पनि नदेखिएको कृषि महाशाखाले जनाएको छ। उत्पादन पनि छिटो दिने र कम लागत लाग्ने भएकाले किसान तोरीखेतीमा आकर्षित भइरहेको महाशाखा प्रमुख कडरियाले बताउनुभयो। कात्तिकमा लगाएको तोरी माघ/फागुनभित्रमा किसानले भित्र्याइसक्ने उहाँको भनाइ छ। उहाँले कम्तीमा सय रोपनी जग्गा व्यवस्थापन गरेर समूहमा आउने किसानलाई थप अनुदान र प्रोत्साहन रकम उपलब्ध गराइने बताउनुभयो। "धानबाली भित्र्याएपछि बाँझै रहने खेत अहिले तोरीले पहेँलपुर देखिएका छन्, महानगरपालिकाको उद्देश्य पनि हिउँदमा जग्गा खाली नरहोस् भन्ने हो", महाशाखा प्रमुख कडरियाले भन्नुभयो, "तोरीखेतीका लागि सिँचाइमा किसानलाई सक्दो सहयोग गरिरहेका छौं।"

# पुन हिल कप भलिबल प्रतियोगिता सुरु

पोखरापत्र संवाददाता
पोखरा, १५ माघ

पुन समाज नेपालको आयोजनामा सोमबारदेखि प्रथम पुन हिल कप पुरुष, महिला तथा प्रौढ भलिबल प्रतियोगिता सुरु भएको छ।


पुन दिवस माघ १५ को अवसर पारेर पोखरा रामघाटस्थित समाजको खेल मैदानमा प्रतियोगिता सुरु भएको हो। समाजले विभिन्न सांस्कृतिक कार्यक्रमसहित आयोजना गरेको प्रतियोगितामा पुरुषतर्फ १८, महिलातर्फ १४ र प्रौढतर्फ १२ टोलीको सहभागिता रहेको छ। प्रतियोगिताको उद्घाटन गर्दै गण्डकी प्रदेश खेलकुद परिषदका उपाध्यक्ष ध्वज कुमार गुरुङले नेपालमा भलिबल खेलको विकास तिब्र रुपमा भईरहेको बताए। उनले गाउँ वा शहरमा हुने प्रतियोगिताहरुले यसको पुष्टि गरेको सुनाए। परिषदले खेलककुद विकासको लागि आवश्क सहय ोग गर्न तयार रहेको उनले प्रतिबद्धता व्यक्त गरे। प्रथम पुन हिल कप आयोजनासहित पुर्ख्यौली कला र संस्कृतिको संगम थलो बनाएकोमा उनले खुसि व्यक्त गरे। 'यस्ता प्रतियोगितालाई निरन्तरता दिनुहोला। हामी परिषद्बाट हुने सहयोग गर्छौं।' उनले भने। यो क्षेत्र खेलकुदको उर्बर क्षेत्र भएको बताउदै गुरुङले जहाँ जस्तो खेलको विकासको सम्भावना छ त्यहाँ त्यसैको विकासमा लाग्नुपर्नेमा जोड दिए। संस्कृतिकर्मी तुलसी प्रभासले नेपाली मौलिक कला, संस्कृतिले भरिपूर्ण भएको बताउँदै यीनको संरक्षणको दायित्व हाम्रै काँधमा आएको बताए। उनले समाजमा एकताबद्ध भई आफ्नो मौलिक पहिचानको लडाँईमा निरन्तर लागिरहनु पर्नेमा जोड दिए। उद्घाटन सत्रमा अर्चलबोट आमा समूह, चेतनशिल आमा समूह ढुंगेपाटन लगायतका समूहले नृत्य प्रस्तुत गरेका थिए। सो अवसरमा पुर्ख्यौली नृत्य पनि देखाईएको थियो। पुन समाज नेपालमा अध्यक्ष भिमबहादुर फगामीको अध्यतामा भएको कार्यक्रम महासचिव खिमनशेर पुर्जा पुनले गरेका थिए।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता:** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग:** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# शहिदको आदर्श नभुलौ

हुकुमी राणा शासनको विरुद्धमा काम गरेको र जनतालाई प्रजातन्त्रका लागि उक्साएको आरोपमा १९९७ साल माघ १५ गते दशरथ चन्द र गङ्गालाल श्रेष्ठलाई विष्णुमती नदी किनार शोभा भगवती क्षेत्रमा मृत्युदण्ड दिइएको थियो । ज्यानको माया गरेर कायल हुनुभन्दा प्रजातन्त्रका लागि गोली खान तयार भएका उनीहरुलाई पहिले घुँडाभन्दा तल गोली हानिएको थियो । त्यति गर्दा पनि कायल नभएपछि ज्यान जाने गरी गोली ठोकिएको थियो । यश अघि माघ १० गते शुक्रराज शास्त्रीलाई टेकु पचलीमा तथा १३ गते धर्मभक्त माथेमालाई सिफलमा मृत्युदण्ड दिइएको थियो । जहानीया निरंकुश राणा शासनको विरुद्ध वलिवेदीमा चढ्ने वीर शहिदलाई संझने गरिएको छ। उनीहरूको जीवन गाथालाई संझेमा शहिदको योगदान ताजा बनाउँछ। जस्ले लोकतन्त्र, राजनीतिक स्वतन्त्रता र नागरिक अधिकारका लागि ज्यानको आहुती दिए उनीहरूलाई सहिद घोषणा गरिएको थियो । शहिदलाई सम्मान गर्ने सबैको साझा बनाउन सकेमा शहिद प्रतिको सच्चा श्रद्धाञ्जली हनेछ । आफ्नो देश संस्कृति र अस्तित्वको संरक्षण तथा स्वतन्त्रताको प्राप्तिका निम्ति बलिदान भएर लोक हितमा व्यक्ति अमर हुन्छ। उनीहरुको सम्झनामा शिर निहुराउने अवस्था हरेक वर्ष आउने गर्छ। उनीहरुले पछ्याएको बाटोमा लाग्ने प्रण पनि गर्ने दिन सहिद दिवस हो ।

देश र जनताको हक अधिकार प्राप्तिका लागि आफ्नो जीवन बलिदान दिने सहिदको सम्झनामा सहिद सप्ताह मनाउने गरिएको छ। वि.स. २०१२ देखि माघ १६ गते शहीद दिवस मनाउने थालिएको छ । वि.स. ११९७ मा युवराज शास्त्री माघ १० गते काठमाडौं पचलीमा मृत्यु दण्ड दिइएको थियो । त्यस्तैगरी धर्मभक्त माथेमालाई सिफलमा माघ १३ गते र गंगालाल श्रेष्ठ एवं दशरथ चन्दलाई माघ १५ गते शोभा भगवतीमा तत्कालीन राणा शासकले मृत्यु दण्ड दिएका थिए । तीनै सहिदले जनताको अधिकार प्राप्ति र राष्ट्रिय स्वाभिमानका लागि प्राणको आहुती दिएको हुँदा सहिदको संझना सहिद दिवस मनाउने गरिएको हो ।सरकारले माघ १६ गते सहिद दिवस मानेर सार्वजनिक विदा दिएको छापहिला काटिएको विदा फेरि दिएर सरकारले गल्ती सच्याएको छ। चार जनालाई सहिद मान्नु अघि लखन थापा सहिद भएका थिए । लखन थापालाई पहिलो सहिद मान्ने गरिएको छ। नेपालमा प्रजातन्त्र पुनस्थापनाको लागि भएको आन्दोलनमा धेरैले ज्यान गुमाएका छन् । राणा कांग्रेसको सरकार बनेपनि चिनिया काजीले ज्यान गुमाउनु पर्‍यो । पंचायतीकालरात्रीको बेला धेरैले ज्यान गुमाए २०४६ को प्रजातन्त्र पुनस्थापनाको आन्दोलनमा शाहदत प्राप्त गर्ने १९ जनालाई सहिद घोषणा गरियो । प्रजातन्त्र पुनस्थापना पछि पनि जनताले अधिकार प्राप्तिका लागि आन्दोलन जारी राखे । त्यसबेला पनि शाहदत प्राप्त गर्नेहरुलाई राजनीतिक पार्टीले सहीद मान्न थालेका थिए ।

राजनैतिक दलले संचालन गरेको आन्दोलन, माओवादीले २०५२ साल फागुन १ गतेदेखि थालेको जनयुद्ध, २०६२/०६३ को आन्दोलन, त्यसपछिका मधेश आन्दोलनमा राज्यबाट मारिएकालाई सहिद घोषणा गर्ने क्रम जारी रहेको छ । थारु आन्दोलन आदीवासी जनजाती आन्दोलनमा शाहदत प्राप्त गरेकालाई सहिद घोषणा गरिएको छ। दोश्रो जनआन्दोलन पछिका सरकारले विभिन्न दलले संचालन गरेका आन्दोलनमा मृत्यु भएकालाई सहिद घोषणा गर्ने र १० लाख रुपैया दिने गरिएको छ । विगतको सरकारले शसस्त्र द्वन्द्वमा मारिएका नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धानमा कार्यरत समेतलाई सहीद घोषणा गरिएको छ। नेपालमा अझै कति सहीद थपिने हुन टुङ्गो छैन ।प्रधानमन्त्री पुष्प कमल दाहालले तीन हजारलाई सहिद घोषणा गर्न निर्णय भएको जानकारी गराएका छन।सरकारले गोली ठोक्ने दस लाख दिने र सहिद घोषणा गर्ने संझौता गर्दै आएको छायो कहाँ पुगेर अन्त्य हुन्छ भन्न सक्ने अवस्था छैन।

यसरी घोषणा गर्दै जादाँ सहीदको अपमान गर्ने काम मात्र भएको छ। कस्तालाई सहिद मान्ने भन्ने मापदण्ड पनि सरकार पिच्छे फरक फरक बनाउने गरिएको छ । सहीदलाई सस्तो बनाउने र १० लाख रुपैयामा तुलना गर्ने गरिएको छ । देश र जनताका लागि आफ्नो प्राण त्याग गर्ने सहिदलाई राज्यले घोषणा नगरे पनि नेपाली जनताले सम्झने र श्रद्धा गर्ने गरेका थिए । विभिन्न कालखण्डका सरकारले हचुवाको भरमा र सडक आन्दोलन गरेको भरमा सहिदको संख्या बढाउने गरेको छ। राज्य कोषबाट १० लाख लिनकै लागि सहिद घोषणा गरेर सहिदको अवमुल्यन गर्ने गरिएको छ। सारा देशले सहीद प्रति श्रद्धा गर्ने र उनीहरुले आन्दोलनमा पुर्‍याएको योगदानको कदर गर्न सकेमा मात्र सहीद दिवस मनाएको सार्थकता हुनेछ। शहिदको गाथा गाएर नथाक्ने तर शहिदले देखाएको आदर्श विर्सनेहरु शासन सत्तामा रहनेहरुकै कारण जनतामा शासकहरुप्रति विरोध आक्रोश छाराजनितिक परिवर्तन सिमित व्यक्ति र तिनका आफन्तका लागि मात्रै भएको छायुवा देखि प्रौढ समेत विदेश पलायन हुने क्रम रोकिएको छैन । देशका लागि यो सबैभन्दा घातक हो । सहीदप्रतिको सम्मान गर्न आन्दोलन र आन्दोलनका योद्धाहरुलाई विर्सन मिल्दैन । जसले ज्यान दिए, अंग भंग भए, सन्तान गुमाए, टुहुरा भए तिनका बारेमा पनि राज्यले सोच्नुपर्दछ। सहीद, सहीद परिवार र घाइते तथा अपाङ्ग राजनीतिक मुद्धा बनाउनु हुदैन। सहीद, योद्धा, घाइते, अपाङ्ग र सहीद परिवारलाई सम्मान गरे मात्र सहीदहरुप्रति सच्चा सम्मान हुनेछ।

# नाटक '१२ दुर्वासा' को मञ्चन सकियो

पोखरापत्र संवाददाता
पोखरा, १५ माघ




हिल प्वाइन्ट माध्यमिक विद्यालयले आउँदै गरेको ४३ औँ वार्षिकोत्सवको अवसरमा आयोजना गरेको अन्तरविद्यालय स्तरीय चित्रकला प्रतियोगिता र चित्रकला प्रदर्शन कार्यक्रम यही २०८० साल माघ महिनाको १२ गते शुक्रबारको दिन सम्पन्न गरेको छ।

पा ेखरा का े सुन्दर,शान्त र रमणीय वातावरणमा एक मात्र ँष्लभ ब्चतक ँबअगतिथ रहेको र गुणस्तरीय शिक्षाका साथै शैक्षिक उन्नतिले छुट्टै पहिचान कायम गर्न सफल विद्यालय हिल प्वाइन्ट मा.वि. मा सम्पन्न उक्त कार्यक्रम विद्यालयका सह-प्राचार्य गंगाराम पौडेलले सञ्चालन गर्नुभएको थियो। भने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बिजुली बहादुर गुरुङले कार्यक्रमको अध्यक्षता ग्रहण गर्नुभएको थियो।

यस कार्यक्रमका प्रमुख अतिथिको रूपमा पोखरा महानगरपालिका वडा नम्बर १२ का वडा अध्यक्ष सन्तोष बास्तोलाले यस प्रकारका चित्रकला प्रतियोगिताको आयोजना गरी विद्यार्थीको सिर्जनात्मक क्षमता अभिवृति गराउन ठुलो योगदान पुर्याएको बताउनुभयो भने निर्णायक मण्डलको संयोजकका रुपमा रहनुभएका प्राज्ञ रमेश श्रेष्ठले पनि विद्यार्थीहरूमा रहेका अन्तरनिहित प्रतिभाको प्रस्फुटन हुने कुरा व्यक्त गर्नुभएको थियो।

यस विद्यालयका संस्थापक तथा प्राचार्य दिवाकर जैसीले स्वागत मन्तव्य राख्दै यस्ता अतिरिक्त क्रियाकलापले विद्यार्थीहरूमा पढाइका साथसाथै उनीहरुको प्रतिभा प्रस्फुटन भई चौतर्फी विकासमा समेत टेवा पुग्ने र भविष्यमा एउटा आत्मविश्वासी साथै कलात्मक प्रतिभा उत्पादन गर्न सकिने कुरा बताउनुभयो।

यस प्रतियोगितामा बालप्रभात बोर्डिङ स्कुलकी मेधावी तथा लगनशील छात्रा आकांक्षा खड्काले प्रथम स्थान हासिल गर्न सफल भइन् ।त्यसैगरी बाल कल्याण मावि की छात्रा कृति गुरुङले द्वितीय स्थान र अमरसिंह नमुना माध्यमिक विद्यालयकी छात्रा सपनाले तृतीय स्थानका साथै सैनिक आवासीय महा विद्यालयकी छात्रा एरिका के.सीले सान्त्वना स्थान हासिल गर्न सफल भएका थिए।

उक्त विद्यार्थीहरूलाई नगद,ट्रफी र प्रमाणपत्रद्वारा सम्मान गरिएको थियो । अन्त्यमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा कार्यक्रमको अध्यक्षता ग्रहण गर्नुभएका बिजुलीबहादुर गुरुङले यस्ता रचनात्मक कार्यक्रमले आगामी दिनमा पनि विद्यार्थीको समुज्जल भविष्य निर्माणमा ठुलो टेवा पुर्याउँछ भन्ने मन्तव्यका साथ कार्यक्रमको समापन गर्नुभएको थियो।

# बडिगाडको कोशेली मह र भाँगो

पोखरापत्र संवाददाता
बागलुङ, १५ माघ

एक दशक अघिसम्म बागलुङमा मेला महोत्सव तथा सार्वजनिक कार्यक्रममा सहभागी अतिथिलाई कोशेलीका रुपमा बुट्टेनली दिने चलन थियो।

दशकयता आयातीत सामग्रीलाई कोसेलीका रुपमा प्रयोग गर्दै आइएको थियो। तर यस वर्षदेखि बागलुङमा कोसेलीका रुपमा स्थानीयस्तरमा उत्पादित वस्तुलाई प्रयोग गर्न थालिएको छ । कृषकलाई उत्पादन गर्न प्रेरित गरिरहेको छ भने उत्पादित वस्तुले बजारसमेत पाउन थालेका छन् । आइतबार बागलुङमा दुई ठूला कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे सहभागी हुनुभएको थियो। एउटा बडिगाड गाउँपालिकाको प्रशासकीय भवन उद्घाटन र अर्को लायन्स क्लबको तेस्रो क्याबिनेट बैठक थियो । बडिगाड गाउँपालिकाले मुख्यमन्त्री पाण्डेलाई स्थानीयस्तरमै उत्पादन भएको चोयाको टोकरीमा मह र भाँगो कोसेलीका रुपमा दिएको थियो भने लान्यस क्लबले बागलुङको ताराखोलागाउँपालिकारनिसीखोला गाउँपालिकामा उत्पादन भएको भाँगो दिएको थियो।

आइतबार भएका दुई कार्यक्रममा मात्रै होइन जिल्लामा हुने अन्य कार्यक्रमका आयोजकले प्राङ्गारिक उत्पादनलाई बढी महत्व दिन थालेका छन् । मुख्यमन्त्री पाण्डेलाई कोसेली प्रदान गर्दै बडिगाड गाउँपालिकाकी अध्यक्ष गण्डकी थापा अधिकारीले स्थानीय उत्पादन पहिचान भएको बताउनुभयो । बडिगाड क्षेत्रमा धेरै किसानले चोयाबाट धेरै प्रकारका सामग्री निर्माण गर्ने, मह र भाँगो उत्पादन गर्ने हुँदा कोसेलीका रुपमा प्रयोग गर्न थालेको बताउनुभयो । "हामीले धेरै पहिलेदेखि कोसेलीका रुपमा यही नै उत्पादन भएको सामग्रीलाई प्रयोग गर्ने गरेका छौँ, यहाँबाट अरु धेरैले सिक्नुभएको छ, खुसी लाग्छ, कोसेलीमा स्थानीयको पहिचान झल्किन्छ, पहिले आयातीत काम नलाग्ने जिन्सी सामान कोसेली दिने चलन थियो", अध्यक्ष अधिकारीले भन्नुभयो, "स्थानीय उत्पादन कोसेलीका रुपमा प्रयोग गर्दा किसानले उचित मूल्य पाउँछन्, बढी उत्पादन गर्नतर्फ प्रेरित हुने गरेका छन्, हामीहरुले दिन कोसेली कुनै न कुनै हिसाबबाट प्रयोगमा आउँछन् ।"

बडिगाड गाउँपालिकाले मात्रै होइन, ढोरपाटन नगरपालिका, निसीखोला गाउँपालिका, जैमिनी नगरपालिका, गलकोट नगरपालिका, तमानखोला गाउँपालिकालगायतले स्थानीय उत्पादनलाई कोसेलीका रुपमा प्रयोग गर्दै आएका छन् ।

तमानखोलाले पाहुना तथा अतिथिलाई चोयाको डाली, पछ्यौरा र गाउँमै उत्पादन भएको ढाकाटोपी दिने गरेको गाउँपालिका अध्यक्ष जोकलाल बुढामगरले बताउनुभयो । पछिल्लो समय आधुनिकताले गर्दा धेरैले बाहिरबाट ल्याएका सामान प्रयोग गर्ने गरेको भन्दै त्यस्ता वस्तु देख्न राम्रो हुने तर पहिचान नझल्किने उहाँको भनाइ छ


## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला वालिङ नगरपालिका वडा नं. ०५ निवासी भारतीय भु.पु सैनिक नं. ५८४० ९७० नायक लोक बहादुर खड्काको श्रीमती खिम कुमारी कंवरको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर खिम कुमारी कंवर भएको साथै निजको भारतीय पेन्सन अभिलेखमा श्रीमतीको नामथर दिल कुमारी (DIL KUMARI) उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर भएता पनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन् भनी उक्त नगरपालिका ०५ न वडा कार्यालयको च.नं ५३३, मिति २०८०/१०/०४ को पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनको लागि सोही व्यहोरा सिफारिस गरिन्छ।



## कम्पनीको नाम परिवर्तन सम्बन्धमा

यस मिसन टु हिमालय प्याराग्लाइडिङ्ग प्रा.लि.को मिति २०८०/०६/२५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पन्नी (मिसन टु हिमालय प्याराग्लाइडिङ्ग प्रा.लि.(Mission To Himalaya Paragliding Pvt. Ltd.) को नाम परिवर्तन गरि (युनिभर्सल प्याराग्लाईडिङ्ग प्रा.लि. (Universal Paragliding Pvt. Ltd.) नाम परिवर्तन गरिएको छ । (मिसन टु हिमालय प्याराग्लाइडिङ्ग प्रा.लि. (Mission To Himalaya Paragliding Pvt. Ltd.) नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम (युनिभर्सल प्याराग्लाईडिङ्ग प्रा.लि. (Universal Paragliding Pvt. Ltd.) को कम्पनीले सकार्ने व्यहोर्ने समेत सम्वन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ।


# पोखरा विश्वविद्यालयमा कल्चरल फेयर २०८० हुने

पोखरापत्र संवाददाता
पोखरा, १५ माघ

तराई विद्यार्थी सेवा समाज, एडुहब एजुकेशन फाउन्डेसनले पोखरा बिश्वविद्यालयमा आउँदो फागुन २ गते कल्चरल फेयर २०८० को आयोजना गर्ने भएको छ।

पोखरा विश्वविद्यालयमा सरस्वती पूजाको अवसरमा दोस्रो पटक हुन लागेको यस कार्यक्रमको शुभारम्भ भने केहिदिन अघिनै भईसकेको छ । सांस्कृतिक मेलाका अन्य पूर्वकार्यक्रमहरु आरम्भ भईसकेको छ भने फागुन २ गते सरस्वती पूजाको दिन विशेष कार्यक्रमसहित समापन हुने आयोजकले जनाएको छ । उक्त दिन विश्वविद्यालयमा साँस्कृतिक कार्यक्रमको साथमा विभिन्न प्रकारका खानाका स्टलहरु, र्‍याम्प वाक, कला, साहित्य र शिल्प सम्बन्धि स्टलहरु रहने आयोजकले जनाएको छ।

कल्चरल फेयर २०८० लाई भव्यताका साथ सम्पन्न गर्न सबैको साथ र सहयोगको अपेक्षा आयोजक समितिले गरेको छ । तराई विद्यार्थी सेवा समाज पोखरा बिश्वविद्यालयले गतवर्ष चर्चित कलाकार संदीप क्षेत्रीको बिशेष उपस्थितिमा कल्चरल फेयर २०७९ सम्पन्न गरेको थियो।

## जस्ले अन्तिम घडिमा नै कविता कोरे



वामनप्रसाद ढेवाजू
गौडाकोमुख-१३

के गरुँ राम म के गरुँ श्याम म
भनि हस्पिटलमा दिन रात बिताउँदै छु।
बाह्र तेह्र दिन भयो हस्पिटलमा बसेको
कहिले ज्वरो आउँछ तीन चार दिन।
कहिले रगतको मात्र चाहिने भन्दा बढि हुन्छ
कहिले रगतको मात्रा चाहिने भन्दा कम हुन्छ।
प्रेसर पनि दिन प्रतिदिन घटिरहन थाल्यो निरन्तरता।
जीवन के भयो के भयो अस्पतालमै बास हुन थाल्यो
आफन्तहरुको यादले अनुहार झल झली आउने भयो।
मलाई विदेश जाने मन छैन साथी यही सुत्न मन छ
विदेशमा गएर के गर्ने अर्काको भुमिमा यही सुन्दर छ।
धेरै दाजुभाइ दिदी बहिनी गए साथी विदेशी भूमिमा
खाली खाली जस्तो देख्न थाल्यो साथी गाउँ बजारमा।

कवि ढेवाजू कविता कोरेको चारदिन पछि स्वर्गारोहण हुनुभयो।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सत्कार मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : कार्यमा सफलता | धनु | : मानसिक तनाव |
| कर्कट | : शुभ यात्रा | मकर | : शारीरिक झमेला |
| सिंह | : स्वस्थ्यमा सुधार | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : अप्रत्यसित लाभ |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।



**त्रिभुवन विश्वविद्यालय**
**वन विज्ञान अध्ययन संस्थान**
**पोखरा क्याम्पस, पोखरा**

**सेवाकरार ईलेक्ट्रिसियन तथा प्लम्बर पदको पदपूर्ति गर्ने सम्बन्धी दरभाउपत्र आव्हानको सूचना ।**

यस क्याम्पसका लागि विद्युत सम्बन्धी कामकाज गर्ने एक जना ईलेक्ट्रिसियन तथा खानेपानी सम्बन्धी कामकाज गर्ने एकजना प्लम्बर व्यक्तिगत सेवा करारमा बढीमा छ महिनाका लागि पदपूर्ति गर्नु पर्ने भएको हुँदा अदालतबाट कुनै कसुरदार नठहरिएको ईच्छुक, योग्य, नेपाली नागरिकहरुबाट मिति २०८०/१०/२९ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ।

विस्तृत जनकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।

क्याम्पस प्रमुख



गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
पर्यटन तथा उद्योग कार्यालय, कास्की

**फर्म बन्द सम्बन्धि ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०८०/१०/१६

यस कार्यालयबाट मिति २०७७/०५/०१ मा कास्की जिल्ला पोखरा-१९ कास्कीमा संचालन गर्ने गरी सेतीदोभान २ स्याङ्जा निवासी स्मिता अधिकारीको नाउँमा दर्ता भएको फर्म दर्ता नं. १७३०१/०७७/०७८ (१८४८) को अन्नपूर्ण शिखर कृषि तथा पशुपंक्षी फर्मको नामक फर्मको प्रोप्राईटरले फर्म संचालन गर्न नसक्ने भएकाले मिति २०८०/१०/१५ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सबुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्याद भित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

# अरुणा लामा – तारादेवी स्मृति साँझ सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १५ माघ

हार्मोनी पोखरा र एभरेस्ट एफएम ९३ मेगाहर्ज सह आयोजनामा पोखरामा अरुणा लामा-तारादेवी स्मृति साँझ २०८० कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ।

एभरेस्ट मिडिया हाउस प्रालिद्वारा सञ्चालित एभरेस्ट एफएम र पोखरेली महिला कलाकार हरुको साझा संस्था हार्मोनीसँग मिलेर स्वर साम्राज्ञी अरुणा लामा र तारादेवीको स्मृति दिवसको सन्दर्भ पारेर उहाहरुप्रति समर्पित 'अरुणा लामा-तारादेवी स्मृति साँझ' कार्यक्रम शनिबार सम्पन्न भएको हो । साहित्यकार, गीतकार, निर्देशक तथा कलाकारिताका अन्वेषक कबि प्रकाश सायमीले नेपाली सुगम संगीत, स्वर्गिय कलाकारद्वय अरुणा लामा र तारादेवीको जीवनी र उनीहरुका 'अनटोल्ड स्टोरी' सहित स्मृति प्रबचनबाट कार्यक्रमको शुरुवात गरे । त्यसपछि पोखरेली महिला



कलाकारहरुले अरुणा लामा र तारादेवीका डेढ दर्जन गीत प्रस्तुत गरेका थिए।

डिजिटल साउण्ड एण्ड भिजन न्यूरोड र रुपाकोट ज्योति सुनचाँदी दुकान महेन्द्रपुलको सहकार्यमा भएको कार्यक्रम पोखरा-९ न्यूरोड संगम मार्गस्थित माछापुच्छे बैंक्यूटमा भएको थियो । कार्यक्रममा स्वर साम्राज्ञी अरुणा लामा र तारादेवीको स्मृति दिवसको सन्दर्भ पारेर स्वर साम्राज्ञी अरुणा लामा र कालजयी स्वरकी धनी तारादेवीलाई हार्मोनीका कलाकार हरुले उनीहरुकै गीत गाएर ट्रिब्यूट दिएका हुन्।

करीब दुई घण्टासम्म चलेको कार्यक्रममा हार्मोनीका अध्यक्ष ईतु जोजिजुले अरुणा लामाको ' तिम्रो माया पथ्थरको झुक्याउने रुप जस्तो, तारादेवीको 'तिम्रो नाम अझै छ ओठमा', कौशल्या गुरुङले अरुणा लामाको 'म आँखैमा राखिन योग्य र तारादेवीको फुलैफुलको मौषम तिमीलाई', रजनी रिदम राईले अरुणा लामाको चौतारीमा बसेर रुन पाउ, तारादेवीको मनको निश्चलतामा, मितु पालले अरुणा लामाको 'म त चुपचाप बँसे' र तारादेवीको 'आमा भएर बोकि हेर' गीत गाएर अरुणा लामाप्रति ट्रिब्यूट दिएका थिए । शितल थापाले अरुणा लामाको 'लहरे बर घुमाउने चौतारी र तारादेवीको 'एक फुल झरेर के भो', अजुदा थापाले अरुणा लामाको 'कल कल सल सल र तारादेवीको आउन आउ तिम्रो खुसी' बोलको गीत स्वर्गिय स्वर साम्राज्ञी अरुणा लामा र कालजयी स्वरकी धनी तारादेवीप्रति समर्पित गरेर गाएकी थिइन्।

कार्यक्रमको अन्त्यमा लक्ष्मी गिरीसहितका गायिकाहरुले गायिकाद्वयका चर्चुत गीतहरुको मिड्ले (गीतका छोटा छोटा प्याकेज प्रस्तुति) प्रस्तुत गरि बिट मारेका थिए । कार्यक्रमको पब्लिक फोरके टेलिभिजनसँगै एभरेस्ट एफएम र एभरेस्ट आवाज डटकमबाट एकसाथ प्रत्यक्ष प्रशारण भएको थियो । अघिल्लो वर्षदेखि शुरु भएको अरुणा लामा-तारादेवी स्मृति साँझ हरेक वर्ष आयोजना गरिएको कार्यक्रम संयोजक दीपेन्द्र श्रेष्ठले जानकारी दिए।

# देउसी भैलोबाट सङ्कलित रकमले भवन निर्माण

पोखरापत्र संवाददाता
तनहुँ, १५ माघ

व्यास नगरपालिका-१ स्थित डमौली टोल विकास संस्था र उज्ज्वल आमासमूहले भवन निर्माण कार्य सुरु गरेका छन्। देउसी भैलोबाट सङ्कलन भएको रकमबाट भवन निर्माण कार्य अघि बढाइएको हो।

भवन नहुँदा टोल र समूहको बैठक तथा कार्यक्रम गर्न कठिनाइ भोग्नुपरेपछि भवन बनाउन कस्सिएको डमौली टोल विकास संस्थाका अध्यक्ष भक्त दरैले जानकारी दिनुभयो । टोल विकास संस्था र आमासमूहको संयुक्त लगानीमा भवन निर्माण कार्य अघि बढाइएको उहाँले बताउनुभयो । भवन निर्माण गर्ने अठोटका साथ विभिन्न माध्यमबाट स्रोत जुटाएर दुवै संस्थाले काम गर्न लागेको उहाँले बताउनुभयो । करिब रु २४ लाखमा चार आना जग्गा खरिद गरी अहिले ढलानको काम भइरहेको छ। उहाँका अनुसार भवन निर्माणपश्चात् संस्थाको कामकाजमा सहज हुनेछ।

गत वर्ष नगरपालिका कार्यालयबाट भवन निर्माणका लागि रु १० लाख आर्थिक सहयोग गरिएको थियो। आमासमूह र टोल विकास संस्थाको गरी भवन निर्माणमा रु ३२ लाख खर्च हुने देखिएको छ । टोल विकास संस्थाको तुलनामा आमासमूहको लगानी बढी रहेको टोल विकास संस्थाका सचिव पदमबहादुर अधिकारीले बताउनुभयो।


## बिमालेख हरायो

हिमालयन लाइफ इन्स्योरेन्स क.बाट जारी गरिएको निम्न लिखित विवरणको बिमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम बिमालेख नं.
१) [illegible] भण्डारी Pli [illegible]

सम्पर्क
हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड
[illegible] शाखा कार्यालय
पोखरा, फोन ०६१ [illegible]



## भेला सम्बन्धि जरूरी सूचना

गण्डकी प्रदेश ई. स्पोट खेलको विकासका लागि प्रदेश खेलकुद बिकास ऐन २०७७ र प्रदेश खेलकुद विकास नियामावली २०७९ अनुसार प्रदेश स्तरिय समिति गठन गर्नुपर्ने भएकोले तपसिल मिति, समय र स्थानमा गण्डकी प्रदेशका सम्पुर्ण खेलाडी तथा खेल प्रेमीहरुलाई उपस्थितिका लागि यसै सूचना मार्फत सूचित गरिन्छ।

**मिति** : २०८० माघ १७ गते बुधबार
**समय**: बिहान ९:०० बजे
**स्थान**: प्रदेश खेलकुद परिषद् गण्डकीको सभाहल
**सम्पर्क** : विनोद वराल ९८४६०३०५१०


इन्द्रै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो।
आयो टप्प टिप्यो, लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो ॥

## भावपूर्ण श्रद्धान्जली



जन्म
२००९/०७/०२

स्वर्गारोहण
२०८०/१०/०४

स्व. बामन प्रसाद ढेवाजू

श्री श्री श्री भीमसेन सी गुठि, रानीपौवाका गुठियार भाइ स्व. बामन प्रसाद ढेवाजू यस धर्तीवाट देहत्याग गरी ब्रम्हलीन हुनु भएको १३औं दिनको पून्यतिथीमा दिवंगत आत्माको चीरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धान्जली अर्पण गर्दछौं । साथै शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनि भगवानसंग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

नायो: नन्दि कुमार पालिखे
तथा
श्री श्री श्री भीमसेन सी गुठी परिवार,
रानीपौवा, पोखरा-११

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक श्रद्धाञ्जली



जन्म:
वि.सं. २००९/०७/०२ गते

स्वर्गारोहण:
वि.स. २०८०/१०/०४ गते

स्व. बामनप्रसाद ढेवाजू

हाम्रा ढेवाजू परिवारका सक्रिय सदस्य एवं समाजसेवी तथा कवि **बामनप्रसाद ढेवाजू**को ७१ वर्षको उमेरमा भएको अकल्पनीय एवम् असामयिक दु:खद निधनले हामीलाई मर्माहत बनाएको छ । यस दु:खद घडीमा आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस शोकको घडीमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, टोल छिमेक, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**समस्त ढेवाजू परिवार**
पोखरा-१३, गौँडाकोमुख

पूनश्च: मिति २०८० माघ १६ गते मंगलबार आयोजित शुद्धाशुद्धि कार्यक्रममा सहभागी भई प्रसाद ग्रहणको लागि उपस्थित भइदिनुहुन इष्टमित्र, कुलकुटुम्ब, बन्धुबान्धव विभिन्न संघसंस्था सबैमा हार्दिक अनुरोध गर्दछौं । समय: बिहान ११: 00 बजेदेखि स्थान: पोखरा-१३ गौडाकोमुख

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्म:
वि.सं. २००९/०७/०२ गते

स्व. बामनप्रसाद ढेवाजू

स्वर्गारोहण:
वि.स. २०८०/१०/०४ गते

हाम्रा शुभचिन्तक **बामनप्रसाद ढेवाजू** को ७१ वर्षको उमेरमा भएको असामयिक निधनको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**पोखरापत्र राष्ट्रिय दैनिक परिवार**
पोखरा-९, नयाँबजार